# दमक नगरपालिका वडा नं. ९ मा वसोवास गर्ने अति लोपोन्मुख उराव जातीको शैक्षिक, जनसांख्यिक, आर्थीक, सामाजीक तथा सांस्कृतिक अवस्थाको अध्ययन २०७९।०८०

**निर्माण :**
**दमक नगरपालिका ९ नं. वडा कार्यालय**
**दमक झापा**

**संकलन तथा अध्ययन :**
**दिपेश खनाल**
**दमक ९ झापा**

# विषय सूची

| विषयहरु | पेज नं. |
|---|---|
| १. अध्ययनको क्षेत्र र उराव जातिको सामान्य परिचय | १ |
| २. ऐतिहासिक पृष्ठभूमि | १ |
| ३. उत्पति एवं परम्परा | २ |
| ४. सामाजिक संस्कार, धर्म तथा परम्परा | २ |
| क) जन्म | |
| ख) भात खुवाई | |
| ग) छेवर | |
| घ) विवाह (साधि) प्रचलन | |
| ङ) मृत्यु संस्कार | |
| च) भेसभुषा | |
| छ) मुख्य चाड | |
| ज) देवी देउता | |
| झ) कुलपुजा | |
| ५. घरघुरी सर्वेक्षण विवरण | ४ |
| ५.१. उमेर र लिङ्ग अनुसार जनसंख्याको विवरण | ४ |
| ५.२. जाती र बसोवासका आधारमा परिवार संख्या विवरण | ५ |
| ५.३. परिवारको आकारको आधारमा पारिवारिक विवरण | ६ |
| ५.४. घरको किसिमको आधारमा परिवारको विवरण | ६ |
| ५.५. घरको कोठा संख्याको आधारमा परिवारको विवरण | ७ |
| ५.६. विवाह गरेको उमेर अनुसार लिङ्गगत विवरण | ७ |
| ५.७. धर्म, संस्कृति, भाषा, चाड तथा मेला पर्व अनुसार पारिवारिक विवरण | ८ |
| ५.८. अपाङ्गता भएका जनसंख्याको उमेरगत विवरण | ९ |
| ५.९. शैक्षिक स्तरको आधारमा जनसंख्या विवरण | ९ |
| ५.१०. विद्यालयमा भर्ना भएका वालवालिकाहरुले विद्यालय छोड्ने कक्षागत विवरण | १० |
| ५.११. विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका वालवालिकाहरुको कक्षागत विवरण | १० |
| ५.१२. विद्यालयमा भर्ना भई अध्ययन गर्दा तिर्ने गरेको वार्षिक औषत शुल्क विवरण | ११ |
| ५.१३. प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुको विवरण | ११ |
| ५.१४. शीप तथा तालिम लिएका व्यक्तिहरुको विवरण | १२ |
| ५.१५. रोजगारीको विवरण | १२ |
| ५.१६. वेरोजगारीको विवरण | १४ |
| ५.१७. शौचालयको प्रयोगकर्ताको विवरण | १४ |
| ५.१८. घरमा भएका भौतिक सुविधाहरु | १४ |
| ५.१९. खाना पकाउने ईन्धन र श्रोतको विवरण | १५ |
| ५.२०. भू-स्वामित्व र सिचाई विवरण | १५ |
| ५.२१. ऋण लिनेको विवरण र ऋण लिनुपर्ने कारण | १५ |
| ५.२२. पशुपालन तथा पशुपालनको विवरण | १६ |
| ५.२३. उद्यम व्यवसाय संचालन विवरण | १७ |
| ५.२४. खानेपानीको अवस्था | १७ |

५.२५. स्वास्थ्य विवरण १७
५.२६. गैह्र तथा सरकारी संस्थाले संचालन गरेको कार्यक्रम विवरण १८
५.२७. आय/व्यय अवस्थाको विवरण १८
५.२८. कारोवार तथा खाता संचालन १८
६. निश्कर्ष : १९

सन्दर्भग्रन्थ सुची २०
घरधुरी सर्वेक्षण फारम २०७९ २१
घरमूलीको विवरण २९
उराव जातीको प्रस्तावित लिपि सहितको वर्णमाला र फोटाहरु

# उराव जातीको प्रस्तावित लिपि सहितको वर्णमाला





अभिमुखिकरणको क्रममा ९ नं. वडा अध्यक्ष



तथ्याङ्क संकलनको क्रममा सुनसरी र दमकका उराव समुदाय सहित संकलन कर्ता



उराव समुदायका जेष्ठ नागरिक महिलाहरु




उराव युवा क्लवका अध्यक्ष तथा सदश्यहरु



उराव जातिको मुख्य चाड करम मनाउँदै




उराव जातिको मुख्य चाड करम मनाउँदै


करम चाड मनाउँदै युवाहरु


सास्कृतिक नृत्यमा रमाउँदै


लक्ष्मी पूजा (गाई तिहार)


सरहुल पूजा



उराव जातिका पाहान (मति)



उराव समुदायको विपन्न परिवारको घर



विवाहमा बेहुला बेहुली

## १. अध्ययनको क्षेत्र र उराव जातिको सामान्य परिचय :

झापा जिल्ला नेपालको कोशी प्रदेश अन्तरगर्त सूदुरपूर्वी तराइको अत्यधिक उर्वर तथा घना बस्ती भएको जिल्ला हो । यसको उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको छ भने बाँकी सम्पूर्ण भूभाग तराईमा पर्दछ । झापा जिल्लाको सूदुर पश्चिमी क्षेत्रमा अवस्थित दमक नगरपालिकाको उत्तरतर्फ इलाम जिल्लाको चुलाचुली गाउँपालिका, दक्षिणतर्फ गौरादह नगरपालिका, पश्चिमतर्फ मोरङ्ग जिल्लाको मिक्लाजुङ्ग गाउँपालिका र उर्लावारी नगरपालिका साथै पूर्वतर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार दमक नगरपालिकाको घर संख्या २२,०००, परिवार संख्या २७,७२५, महिला ५६,२९२ र पुरुष ४८,४१८ गरि कुल जनसंख्या १,०४,७१० रहेको छ । नेपाल सरकारद्वारा मिति २०७३/११/२७ गते गरिएको राज्य पुर्नसंरचना अनुसार हाल १० वटा वडामा विभाजित पूर्वमा रतुवा खोला र पश्चिममा मावा खोला विच रहेको दमक न. पा. ७५.८५ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ भने समुन्द्रको सतहदेखि करिव ७१ मि. उचाईमा रहेको छ ।

यो अनुसन्धान झापा जिल्लाको दमक नगरपालिका वडा नं. ९ को चिया बगान क्षेत्रमा बसोबास गर्ने अति लोपोन्मुख ८३ घर परिवारका उराव जाति (महिला १७८ र पुरुष १८६ गरि जम्मा ३६४) मा मात्र केन्द्रित रहेको छ ।

## २. ऐतिहासिक पृष्ठभूमि :

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरु मध्ये उराव जाति पनि एक हो । राज्यले हाल सम्म उराव जातिको छुट्टै पहिचान तथा जातिमा सूचीकृत गरेको पाइदैन । यस जातिका मानिसहरुको बसोवास नेपालको मोरङ्ग, सुनसरी र झापा जिल्लामा रहेको पाइन्छ ।

आदिवासी जनजाति आयोग पुल्चोक ललितपुर ले आ. व. २०७७/०७८ को वार्षिक प्रतिवेदनमा सुनसरी र मोरङ्गमा रहेका झाँगड (उराँव), अति लोपोन्मुख भनि सूचीकृत गरिएको पाइन्छ । त्यसै गरी नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८ मा नेपाल सरकार मन्त्रिपरिषद द्वारा वि.सं. २०६५ सालमा सूचीकृत गरिएका ९२ जातको अन्तर संवन्धमा झाँगड/घाँघड (उराँव) उल्लेख गरिएको पाइन्छ ।

केशव प्रसाद अधिकारी द्वारा लिखित किसान जाति एक चिनारी भन्ने लेखमा उराव जाति किसान जातीका पूर्वजहरु हुन सक्छन् किनभने किसान जातिको लिपि लाई उराव भनिन्छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । तथापि हाल सम्म आदिवासी जनजाति ऐनमा उराव जातिको विषयमा कही कतै उल्लेख नभएको र नेपाल सरकारले पनि यो जातिको विषयमा चासो नदेखाई अन्य जात-जातिहरुसँग मिसाईएको कारण यो जाति लोप हुन सक्ने देखिन्छ ।

### ३. उत्पत्ति एवं परम्परा :

भारतको दक्षिणी क्षेत्र कोकन (दक्कन) इलाका, छोटा नागपुर तथा राँचीमा बसोबास गर्ने आदिवासी उराव जाति विस्तारै भारतकै विहार, छत्तिसगढ तथा तत्कालीन झारखण्डका शासक शेर शाहाको पालामा झारखण्डमा आई बसोवास गरेका हुन् भनिए पनि यथेष्ट प्रमाणहरु को अभाव रहेको छ । उरावलाई लोकभाषामा कुडुख भनिन्छ । कुडुख भाषा द्रविण प्रजातिमा पर्दछ, यसको शाब्दिक अर्थ मनुस्य भन्ने हुन्छ । सर्वप्रथम सन १९०१ मा भारतको जनगणनामा उराव जातिहरुको बारेमा उल्लेख गरिएको पाइन्छ । कुल ६८ गोत्रमा रहेको उराव जातिहरुका पुरुषहरुले लगाउने वस्त्रलाई केयरा, महिलाले लगाउने वस्त्रलाई खगरिया भनिन्छ । मुख्य पेशा कृषि मान्दै आएका उराव जातिका (प्रधान) मुखियालाई महतो र धार्मिक प्रशिक्षक अर्थात पुरोहित लाई पाहान भनिन्छ । प्रत्येक घरका युवा युवतीहरुलाई १६ वर्ष उमेर पुगेपछि प्रत्येक ३ वर्षमा १ पटक आफ्नो रीतिरिवाजका वारेमा शिक्षा लिन छुट्टा-छुट्टै युवागृह (छोरालाई - जोख एरपा, छोरीलाई - पेल एरेपा) मा पठाइन्छ । उराव जातिको लोक नृत्यलाई जदुर नृत्य भनिन्छ भने नाचगर्ने ठाउँलाई अखडा भनिन्छ । त्यस्तै युवा युवतीहरुको मेला लाग्छ जसलाई जतरा भनिन्छ । यस जातिका कुल देवता पूर्वजात्मा लाई मानिन्छ भने सर्वोच्च देवता धर्मेश (सूर्यका प्रतीक) र ग्राम देवता ठाकुरदेवलाई मान्ने चलन रहेको छ । प्रायः कृषि पेशा गर्ने भएकाले खेती लगाउने समयमा भेलवा पूजा र नयाँ बाली खाने समयमा न्वागि (सरना पूजा) खाने चलन रहेको र आफ्नो भलाइका लागि गौरिया पूजा समेत गर्ने चलन रहेको पाइयो ।

भारतको जल्पाइगुरि, हासिमारा, मेचपाडा दार्जेलिङ्ग, राँची, गुहाटी क्षेत्रमा वसोवासो गर्ने पुर्खाहरु विक्रम संवत २००८ सालदेखि बसाइसरी हालको झापा जिल्ला दमक नगरपालिका वडा नं. ९ को हिमालय टि गार्डेनको जग्गामा चिया मजदुरको रुपमा करिव वि. सं. २०१८ सालदेखि मजदुरी गर्दै आएको पाइन्छ ।

### ४. सामाजिक संस्कार, धर्म तथा परम्परा :

**क) जन्म :**

बच्चाको जन्म पश्चात नाइटो झरेको समय (५ दिन देखि १५ दिन) हेरी नाइटो झरेपछि मति (पुरोहित) बोलाएर छठी (न्वारान) गर्ने चलन छ । छठी गर्दा बच्चाको केश काटेर (खौरेर) केरा वा वाँसको फेदमा फालिन्छ । बच्चालाई नुवाईधुवाई गरी मति द्वारा बच्चाको नाम राख्ने गरिन्छ ।

**ख) भात खुवाइ :**

बच्चा ६ महिनाको भएपछि खिचडि बनाएर मुजुठी गराउने चलन रहेको छ । यसरी मुजुठी गराउदाँ नजिकैको छिमेकी बोलाएर खुवाउने चलन रहेको छ ।

**ग) छेवर :**

छठी गर्दा केश खौरेर गर्ने चलन भएकोले यस जातिमा छेवर गर्ने चलन रहेको छैन ।

**घ) विवाह (साधि) प्रचलन :**

केटा पक्षले केटी माग्न जाँदा केटीलाई एक सेट साडी, चोलो लिएर जानुपर्छ । साद्री भाषामा यसलाई "लुगा किनके लेकर जा कनिया के पिँधा" भन्ने पनि चलन रहेको छ । केटीसँगको कुरा मिले पनि नमिले पनि लगेको सामान केटीकै घरमा छोडिन्थ्यो । केटा पक्षले पकाएको जाँड माटोको भाँडामा राखेर लिएर जाने साथै केटा पट्टिबाट गएका र केटी पट्टिका भेलाभई खानको तयारी गरेर पकाई खाने चलन थियो । त्यसदिन खाना खान लागेको सवै खर्च केटा पक्षले नै व्यहोर्नु पर्दछ ।

विवाह (साधि) गर्दा केटीको घरको आँगनमा सखुवाको सिधा गाछ (रुख) वा हाँगा गाडिन्छ र त्यसमा कुरिलो, वाँसका साना हाँगा, धागो, सिन्दुर तथा ध्वजा, पताका राख्ने चलन रहेको छ । केटा पक्षबाट नगरा (बाजा बजाउने) लिएर बाजा (घाँसि) बजाउँदै नाच्दै केटीको घर छेउ जाने र केटी पक्षबाट पनि बाजा बजाउँदै नाच्दै त्यही ठाउँमा भेला भएर संयुक्त रुपमा नाचगान गर्दै कलश यात्रा सहित केटीको घरमा जाने र विवाह गर्ने । विवाहमा दुवै तर्फबाट सिन्दुर ल्याउने र एकै ठाउँमा मिसाई दुवै जनाले लगाउने । केटाले विवाहमा जाँदा केटीका लुगा, चप्पल, श्रृङ्गारका सामान, पहिर (पाउजु), विच्छिया (विच्छि), अंगुठी, वेरा (हातमा लगाउने चुरी) सवै एउटा ढाकीमा राखी लिएर जाने चलन समेत रहेको छ । त्यस्तै केटीपक्षले विवाह पश्चात दाइजोको रुपमा पकाउने भाडाकुँडा, लुगाफाटो, घडी, साइकल दिने चलन छ । यदि अर्न्तजातीय विवाह गरेमा जाइदभितर ( चोख्याउनु) गर्नुपर्छ यसका लागि अण्डा १, सेतो भाले १ र सेतो वोको १ चाहिन्छ । विवाह गरेर घर आएपछि बुहारी (दुलहीले) जेठाजु, जेठानी, दिदीहरुको गोडा (खुट्टा) धुने, पानी खाने र पैसा दिदै जाँड साटासाट गर्दछन् ।

केटाले विवाह गरेर दुलही लगेपछि भ्याए त्यही दिन नभ्याए भोलिपल्ट गाउँको मुखियाकामा बुहारी देखाउन लाने चलन छ । फलफूलहरु, हडिया (जाँड) र एउटा कुखुराको भाले लिएर बाजागाजा बजाउँदै जाने र गएर मुखिया मुखिनिको गोडा धुने र टीका लाउने चलन छ । यसपछि मुखियाले पैसा दिएर बिदा गर्छन् । प्रचलनमा रहेको यो विवाहलाई आयोजित विवाह समेत भनिन्छ ।

**ङ) मृत्यु संस्कार :**

मृत्यु भएपछि सबै छिमेकीहरु र आफन्तहरु भेला भई सेतो कपढाले बेरेर हरियो बाँसमा बाँधी अन्तिम संस्कारका लागि पुर्ने ठाउँतर्फ लगिन्छ । पुर्ने ठाउँमा करिव ३ फिट गहिरो खाल्डो खनेर तयार गरिन्छ । पुर्नुअगाडि खिचडी पकाएर परिवारका सवै सदश्यले पालो पालो गरी खुवाई चुठाउने र खाल्डोमा राख्ने चलन छ । पुर्ने बेलामा करिव २ फिटको खरको सानो मुठो बनाई आगवत्ती (आगो) दिने र सोलाई तान्दै माथी ल्याउँदै पुर्दै जाने गरिन्छ । लासलाई बाँधेर लगेको वाँसलाई पुरिदिने वा काटेर फ्याकिदिने गरिन्छ । पुर्ने काम सकिएपछि लगेका सामाग्रीहरु (फरुवा, कोदालो, बन्चरो, दाऊ आदि) सहित सवै घर फर्किने र घरको गेटमा आएपछि आगो वाल्ने, सवै मलामीहरु र क्रियामा बस्ने सवैले तेल र हर्दि (वेसार) हात र खुट्टामा दलेर धुने र आगोमा सेक्ने गरिन्छ । त्यसैगरी लगेका सामाग्रीहरु समेत पखालेर आगोमा सेकाउने र चोख्याउने चलन छ । यति गरिसकेर क्रियामा बस्ने र १० दिका दिन विहान क्रियापुत्रीहरुले केश खुरेत (केश खौरिने) गर्ने, वेलुका करिव ७/८ बजेतिर घर भित्र ढोका थुनेर एउटा दियो बाल्ने अनि घर अगाडिको बाटोमा हडिया (माटोको हाँडीका पानि) लिएर जाने र मृत आत्माको छाँया बोलाउने गरिन्छ । यसरी वोलाउँदा मृत आत्मा (छाँया) घर भित्र आउने विश्वास गर्नुका साथै घरपरिवारका सवै सदस्यहरुले हेर्ने चलन छ । छाँया आउँदा दियोको बत्ती (ज्वालो) अलि निहुरिएर बल्छ जसलाई टेडोहोयल

भनिन्छ । यसरी क्रिया गरेर बस्दा साधा १ छाक खाना खाने र अरु बेला फलफूल खाने चलन छ । त्यसपछि १३ दिनमा मति बोलाएर पूजाआजा गरी सम्पूर्ण काजक्रिया सकी चोखिने चलन रहेको छ । अस्तु सेलाउने कामलाई हडवोरा र स्थल (ठाउँ) लाई कुदी भनिन्छ ।

**च) भेषभुशा :**

परम्परागत लवाईमा पुरुष जातिले सेतो धोती, कुर्था र फेटा, महिला जातिले साडी (रातो सेतो), चोलो (रातो) लगाउने चलन समेत रहेको छ ।

**छ) मुख्य चाड : करम**

करमको रुखको सिधा हाँगा काटेर भुँइमा झर्न नदिई कन्ने केटीले समाएर बाजा गाजा बजाउँदै घरमा ल्याउने र आँगनमा लिपपोत गरी गाड्ने चलन रहेको छ । सो दिन कन्ने केटीहरु निर्जला ब्रत बस्छन् । सूर्यास्तपछि करिव ७/८ बजेतिर खिरावेटा (क्राँक्रा) लाई कपडाले बेरेर बच्चा बनाउने, फूल प्रसाद बनाउने, चढाउने, बाँड्ने, आपना करम भाइके धरम भन्दै पूजा गर्दै दाजुभाइलाइ आशीर्वाद दिने चलन छ । रातमा करमको बारेमा कथा भन्ने, नाचगान गर्ने गरिन्छ । भोलिपल्ट विहान नजिकैको खोलामा सेलाउन लाने समेत चलन रहेको छ ।

**ज) देवी देउता :**

सखुवाको ठूलो रुखमुनि सरना (देवथान/देवीथान) बनाई सवै जना भेला हुन्छन् । सो ठाउँमा आफ्नै जातको मुखियाले पाहान (पुजारी) बोलाई फलफूल, धूपवाती, कुखुरा, जाँड सहित पूजाआजा गर्ने चलन छ । कहाँबाट आएको र यहाँ बसेको भन्ने जस्ता कुराहरुको विधिबाट कथा भन्दै पूजा गरी बुझाउने चलन छ । पूजा समाप्तिपछि आशीष जल भनी कलशको जल दिने र त्यो जल घरमा लगेर खाने र शुद्धा-शुद्धि हुने चलन रहेको छ । यसको चलन खास नेपालमा नरहेको र भारतको झारखण्ड र राँचीमा रहेको छ ।

**झ) कुलपूजा :**

विशेषत परम्परा देखि हाल सम्म पनि हिन्दु धर्म मान्ने उराव जातिहरु सवै भेला भई एकै ठाउँमा आफ्नो परम्परा अनुसार प्रत्येक ३ वर्षमा कुलपूजा मनाउने गरिन्छ । प्राय सवै हिन्दु धर्म सँग मिल्ने यो कुलपूजामा शिवजी, रामसेना (हनुमान), राम, सिता, लक्ष्मण र गणेशको फलफुलको माध्यमबाट पुजा गरिन्छ । यसरी पुजा गर्दा दियो, कलश, गणेशको स्थापना गरि पाहान (पुजारी) ले विज्ञाने किताव (पूजा विधिको किताव) बाट पूजा गराई घिऊ, तिल, चामल, जौ लगायतको हवन समेत गरि कुलपूजा समापन गरिन्छ । प्राय कुलपुजामा वलि चढाउने चलन नरहेको समेत पाइयो ।

५. दमक नगरपालिका वडा नं. ९ को हिमालय टि गार्डेन मा काम गरी दैनिक जीविकोपार्जन गर्दै आएका ८३ घरपरिवारका ३६४ जना उराव जातिहरुको घरघुरी सर्वेक्षण गरी विवरण तयार गरिएको छ ।

**५.१. उमेर र लिङ्ग अनुसार जनसंख्याको विवरण :**

दमक नगरपालिका वडा नं. ९ को चिया बगानमा चिया मजदुरको रुपमा बसोबास गर्दै आएका उराउ समुदायको कुल जनसंख्या ३६४ लाई हेर्दा सबैभन्दा ठूलो हिस्सा २६-५० वर्ष उमेर समूहका उत्पादनशील जनसंख्या १६५ अर्थात ४५.३३ प्रतिशत रहेको छ । जसमध्ये महिलाको संख्या

उच्च रहेकोले महिला र युवा लक्षित कार्यक्रमहरू लाई प्राथमिकतासाथ निर्माण गरी कार्यान्वयन गर्न जरुरी देखिन्छ । त्यसैगरी ०-२५ वर्ष उमेर समूहका प्राय सवै विद्यालय र उच्च शिक्षा हाँसिल गर्नुपर्ने जनसंख्या ६३ महिला सहित कुल १४७ अर्थात ४०.३८ प्रतिशत रहेको छ । ७० वर्ष माथी उमेरका जेष्ठ नागरिकहरु १५ अर्थात ४.१२ प्रतिशत रहेको र परिवारको आर्थिक अवस्था ज्यादै कमजोर रहेकोले सामाजिक रुपमा सहयोग गर्नुपर्ने देखिन्छ ।




**तालिका नं. ५.१. उमेर र लिङ्ग अनुसार जनसंख्याको विवरण :**

| लिङ्ग | उमेर समूह (वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०–५ | ६–१५ | १६–२५ | २६–५० | ५१–६९ | ७० माथी | |
| पुरुष | ९ | ३३ | ४२ | ८० | १७ | ५ | १८६ |
| महिला | ९ | २२ | ३२ | ८५ | २० | १० | १७८ |
| जम्मा | १८ | ५५ | ७४ | १६५ | ३७ | १५ | ३६४ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.२. जाति र बसोवासका आधारमा परिवार संख्या विवरण :**

उराव जाति भित्र पनि विभिन्न १२ जातिहरु को नाम उल्लेख रहेको पाइयो । कुल परिवार संख्या ८३ रहेको यस समुदायमा घरमूली महिला २३ जना र पुरुष ६० जना रहेका छन् । कुल जनसंख्या ३६४ मध्ये तिर्की उराव सवैभन्दा बढि १७ परिवार, संख्या ७५ अर्थात करिव २० प्रतिशत रहेका छन् भने सवैभन्दा कम केरेकेट्टा उराव २ परिवार, संख्या ८ अर्थात करिव २ प्रतिशत हरेका छन ।

**तालिका नं. ५.२. जाति, परिवार संख्या, घरमूली, र बसोबास गर्ने महिला, पुरुषको विवरणः**

| जात | परिवार संख्या | घरमुली | | बसोवास गर्ने जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| बक्ला | ४ | ० | ४ | ११ | ७ | १८ |
| तिर्की | १७ | ७ | १० | ३८ | ३७ | ७५ |
| मिन्ज | ५ | १ | ४ | १२ | १० | २२ |
| कुजुर | ११ | ६ | ५ | २३ | २२ | ४५ |
| टोप्पो | १४ | २ | १२ | ३० | ३४ | ६४ |
| किण्डो | ४ | ० | ४ | ९ | ११ | २० |
| एक्का | ८ | २ | ६ | १६ | २२ | ३८ |
| लकडा | ४ | ० | ४ | ८ | ८ | १६ |
| उराऊ | ९ | ३ | ६ | १८ | १८ | ३६ |
| केरेकेट्टा | २ | १ | १ | ३ | ५ | ८ |
| तिग्गा | २ | १ | १ | ५ | ६ | ११ |
| बर्ला | ३ | ० | ३ | ५ | ६ | ११ |
| कुल जम्मा | ८३ | २३ | ६० | १७८ | १८६ | ३६४ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.३. परिवारको आकारको आधारमा पारिवारिक विवरण :

उराव समुदायका परिवार मध्ये ४ जना सदस्य संख्या भएको परिवार सबैभन्दा धेरै २४ अर्थात् ६.५९ प्रतिशत रहेको छ । दोस्रोमा ५ जना सदस्य संख्या भएको परिवार २१ अर्थात् ५.७७ प्रतिशत र तेस्रोमा ३ जना सदस्य संख्या भएको परिवार १७ अर्थात् ४.६७ प्रतिशत रहेका छन् । त्यस्तै २ जना मात्र सदस्य संख्या भएको परिवार ६ अर्थात् १.६५ प्रतिशत रहेका छन् भने ९ जना सदस्य संख्या भएको परिवार १ अर्थात् ०.२७ प्रतिशत रहेको छ । समग्र तथ्याङ्कलाई हेर्दा परम्परागत रुपमा रहेको संयुक्त परिवार बसाइमा कमी  रहेको र सामान्यतया बाबु-आमा र तिनका अविवाहित छोराछोरीहरू मात्र रहेको परिवारको बाहुल्यता रहेको देखिन्छ ।

**तालिका नं. ५.३. परिवारको आकार (संख्या) को आधारमा पारिवारिक विवरणः**

| परिवार संख्या (व्यक्ति, जना) | | | | | | | | जम्मा संख्या | औषत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ जना | ३ जना | ४ जना | ५ जना | ६ जना | ७ जना | ८ जना | ९ जना | ३६४ | |
| ६ | १७ | २४ | २१ | ९ | ३ | २ | १ | ८३ | ४.३८ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.४. घरको किसिमको आधारमा परिवारको विवरण :

उक्त समुदायका कुल ८३ घरपरिवार मध्ये सबैभन्दा बढी ५२ अर्थात् ६२.६५ प्रतिशत परिवार बस्ने घरहरू अर्धपक्कि, दोस्रोमा २७ अर्थात् ३२.५३ प्रतिशत कच्चि/टहरो, ३ अर्थात् ३.६१ प्रतिशत पक्कि, १ अर्थात् १.२० प्रतिशत भाडामा बसोबास गरेको पाइयो । २७ घरहरू कच्ची रहनु आर्थिक विपन्नताको सूचक समेत रहेको देखिन्छ ।




**तालिका नं. ५.४. घरको किसिमको आधारमा परिवारको विवरण :**

| घर (किसिम) | कच्ची/टहरो | अर्ध पक्की | पक्की | भाडामा | जम्मा |
|---|---|---|---|---|---|
| परिवार संख्या | २७ परिवार | ५२ परिवार | ३ परिवार | १ परिवार | ८३ परिवार |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

### ५.५. घरको कोठा संख्याको आधारमा परिवारको विवरण :

उक्त समुदायका ८३ परिवार मध्ये घरका ३ कोठा प्रयोग गर्ने सबैभन्दा धेरै ३६ परिवार अर्थात् ४३.३७ प्रतिशत रहेका छन् । दोस्रोमा ४ कोठा प्रयोग गर्ने २० परिवार अर्थात् २४.०९ प्रतिशत छन्भने १ कोठा प्रयोग गर्ने ५ परिवार अर्थात् ६.०२ प्रतिशत रहेका छन् । उपरोक्त अनुसार १ कोठा भएका ५ परिवार अति विपन्न रहेकोले केही सहयोग उपलब्ध गराउनुपर्ने देखिन्छ ।

**तालिका नं. ५.५. कोठाको आधारमा परिवारको विवरण :**

| कोठा संख्या | १ कोठा | २ कोठा | ३ कोठा | ४ कोठा | ५ कोठा | ६ कोठा | ७ कोठा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | ५ | १७ | ३६ | २० | ३ | १ | १ | ८३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

### ५.६. विवाह गरेको उमेर अनुसार लिङ्गगत विवरण :

उक्त समुदायमा चलिरहेको विवाह गर्ने उमेर विगत १० वर्ष अगाडि देखिको अवस्थालाई हेर्दा सवैभन्दा बढि २१-२५ वर्ष मा कुल जनसंख्या मध्ये १८ महिला सहित ४४ जना अर्थात १२.०८ प्रतिसत ले विवाह गरेको देखिन्छ भने २० वर्ष मुनि कुल जनसंख्या मध्ये १७ महिला सहित २६ जना अर्थात ७.१४ प्रतिसत ले विवाह गरेको देखिन्छ । यस अवस्थालाई हेर्दा अझैपनि यस समुदायमा वाल विवाहको विषयमा जनचेतना जगाउन जरुरी देखिएको छ ।




**तालिका नं. ५.६. विवाह गरेको उमेर अनुसार लिङ्गगत विवरण :**

| लिङ्ग/वर्ष | २० मुनि | २१ - २५ | २६ - ३० | ३१ - ३५ | ३६ - ४० | ४० माथि |
|---|---|---|---|---|---|---|
| महिला | १७ | १८ | ५ | ० | ३ | १ |
| पुरुष | ९ | २६ | १७ | ५ | ४ | २ |
| **जम्मा** | २६ | ४४ | २२ | ५ | ७ | ३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.७. धर्म, संस्कृति, भाषा, चाड तथा मेला पर्व अनुसार पारिवारिक विवरण :**

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरुको आ-आफ्नै किसिमको धर्म, संस्कृति, भाषा, चाड, मेला पर्व, रीतिरिवाज तथा रहनसहन रहदै आए जस्तै उराउ समुदायको पनि त्यस्तै रहेको छ । कूल ८३ घरपरिवार मध्ये हिन्दु धर्म मान्ने ४५ (५४.२२ प्रतिशत) घरपरिवार र इसाई धर्म मान्ने ३८ (४५.७८ प्रतिशत) रहेका छन् । जनसंख्याका हिसावले ३६४ जना मध्ये हिन्दु धर्म मान्ने १९७ (५४.१२ प्रतिशत) र इसाई धर्म मान्ने १६७ (४५.८८ प्रतिशत) रहेका छन् ।

**तालिका नं. ५.७.१. धर्म अनुसार पारिवारिक तथा जनसाङ्ख्कीय विवरण :**

| हिन्दु धर्म | | | | इसाई धर्म | | | |
|---|---|---|---|---|---|---|---|
| घरपरिवार | पु | म | जम्मा | घरपरिवार | पु | म | जम्मा |
| ४५ | १०० | ९७ | १९७ | ३८ | ८६ | ८१ | १६७ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

हिन्दु धर्म मान्ने ४५ घरपरिवारका मानिसहरु सवैले नै मुख्यभाषा उराऊ, मातृभाषा कुडुख, मुख्य चाड करम र मेला/पर्व बिर्सामुण्डा मान्दै आएको पाइयो । इसाई धर्म मान्ने ३८ घरपरिवारका मानिसहरु मध्ये १६ जनाले मुख्यभाषा कुडुख, १६ जनाले मातृभाषा साद्री, ३८ जनाले मुख्य चाड क्रिसमस र २५ जनाले मेला/पर्व बिर्सामुण्डा मान्दै आएको पाईयो भने केहीले मुख्यभाषा, मातृभाषा

र मेला, पर्वको बारेमा जानकार नभएको समेत पाईएको छ । यो अवस्थालाई हेर्दा अहिलेको युवा पुस्ताले आफ्नो संस्कृति र परम्परालाई वेवास्ता गर्दै गएजस्तो देखिएकोले आफ्नो धर्म, संस्कृति र परम्परालाई खोजगरी जगेर्ना गर्न आवश्यक देखिन्छ ।

**तालिका नं. ५.७.२. भाषा, चाड तथा मेला पर्व अनुसार पारिवारिक विवरण :**

| हिन्दु (घर-परिवार) | | | | इसाई (घर-परिवार) | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | विषय | खुलेको | नखुलेको | विवरण | विषय | खुलेको | नखुलेको |
| मुख्यभाषा | उराऊ | ४५ | ० | मुख्यभाषा | कुडुख | १६ | २२ |
| मातृभाषा | कुडुख | ४५ | ० | मातृभाषा | साद्रि | १६ | २२ |
| मुख्य चाड | करम | ४५ | ० | मुख्य चाड | क्रिसमस | ३८ | ० |
| मेला, पर्व | बिर्सामुण्डा | ४५ | ० | मेला, पर्व | बिर्सामुण्डा | २५ | १३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.८. अपाङ्गता भएका जनसंख्याको उमेरगत विवरण :

उक्त समुदायमा शारीरिक अपाङ्गता भएका ४ जना, श्रवण १, दृष्टि ३ र लाटो बहिरा १ गरि जम्मा ३ महिला र ८ पुरुष गरि ११ जना अपाङ्ग रहेका छन् । सो मध्ये १ महिला (शारिरिक) र १ पुरुष (दृष्टि विहिन) गरि २ जनाले अपाङ्गता परिचय पत्र र सरकारी सुविधा पनि लिएको पाईयो भने बाँकि ९ जनाले परिचय पत्र तथा कुनै पनि सुविधा लिएको पाईएन । यस अवस्थालाई हेर्दा उक्त व्यक्तिहरुलाई अवस्था अनुसारको सहयोग उपलब्ध गराउनुपर्ने देखिन्छ ।

**तालिका नं. ५.८. अपाङ्गता भएका जनसंख्याको उमेरगत विवरण :**

| किशिम | जम्मा संख्या | लिङ्ग | संख्या | परिचय पत्र लिएको | सरकारी सुविधा लिएको |
|---|---|---|---|---|---|
| शारीरिक | ६ | म | २ | १ | १ |
| | | पु | ४ | ० | ० |
| श्रवण | १ | म | ० | ० | ० |
| | | पु | १ | ० | ० |
| दृष्टि | ३ | म | ० | | |
| | | पु | ३ | १ | १ |
| लाटो बहिरा | १ | म | १ | ० | ० |
| | | पु | ० | ० | ० |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.९. शैक्षिक स्तरको आधारमा जनसंख्या विवरण :

हाल सम्म पनि कुल जनसंख्या ३६४ मध्ये १३ महिला सहित ४८ जना अर्थात १३.१८ प्रतिशत जनसंख्या निरक्षर रहेका छन् भने १३५ अर्थात ३७.०८ प्रतिशत जनसंख्या साक्षर रहेका छन् । कक्षा ८ उत्तीर्ण गर्ने ५२ जना अर्थात १४.२८ प्रतिसत, कक्षा १० उत्तीर्ण गर्ने ५५ जना अर्थात १५.१२ प्रतिशत र कक्षा १२ उत्तीर्ण गर्ने १३ जना अर्थात ३.५७ प्रतिशत देखिन्छ । यसरी हेर्दा गरिवीका कारण कक्षा ८ र १० पछाडि पढाई छोडी अन्यत्र काम गर्न जानुपर्ने बाध्यता रहेको देखिन्छ । त्यस्तै स्नातक र स्नातकोत्तर उत्तीर्ण गर्ने क्रमश ५ जना र १ जना रहेका छन् । आर्थिक अभाव र महङ्गो शिक्षाका कारण स्नातक र स्नातकोत्तर अध्ययन गर्नेको संख्या न्यून हुन गएको छ । अझै सवै कक्षामा महिलाको संख्या पुरुषको तुलनामा निकैनै कम छ ।

**तालिका न. ५.९. शैक्षिक स्तरको आधारमा जनसंख्या विवरण :**

| निरक्षर | | साक्षर | ८ उत्तीर्ण | १० उत्तीर्ण | १२ उत्तीर्ण | स्नातक उत्तीर्ण | स्नातकोत्तर उत्तीर्ण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| महिला | ३८ | ७३ | ३५ | २२ | ७ | २ | १ | १७८ |
| पुरुष | १३ | ७६ | ४९ | ३५ | ९ | ४ | ० | १८६ |
| जम्मा | ४८ | १३५ | ५२ | ५५ | १३ | ५ | १ | ३६४ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.१०. विद्यालयमा भर्ना भएका वालवालिकाहरुले विद्यालय छोड्ने कक्षागत विवरण :**

उक्त जनसंख्या मध्ये विद्यालय गई पढ्ने उमेरका वालवालिकाहरु विद्यालयमा भर्ना भई विद्यालय छोड्ने मध्ये १-८ कक्षा र ९-१० कक्षामा क्रमश १४ जना र १५ जना रहेका छन् । जसको मुख्य कारण जनचेतनाको अभाव, गरिवी, वेरोजगारी र महङ्गो शिक्षा रहेको छ । विद्यालय छोड्ने दर महिलाको भन्दा पुरुषको बढी रहेको छ ।

**तालिका नं. ५.१०. विद्यालयमा भर्ना भएका वालवालिकाहरुले विद्यालय छोड्ने दर विवरण :**

| कक्षा | १-८ | ९-१० | ११-१२ | स्नातक | जम्मा |
|---|---|---|---|---|---|
| महिला | ४ | ५ | २ | १ | १२ |
| पुरुष | १० | १० | १ | ० | २१ |
| **जम्मा** | १४ | १५ | ३ | १ | ३३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.११. विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका वालवालिकाहरुको कक्षागत विवरण :**

उक्त जनसंख्या मध्ये विद्यालय गई पढ्ने उमेरका वालवालिकाहरु मध्ये ९४ जना विद्यालय गई अध्ययन गरिरहेका छन् । जसमध्ये सवैभन्दा बढि १-८ कक्षामा अध्ययन गर्ने ६७ जना अर्थात ७१.२७ प्रतिसत, दोश्रोमा ९-१० कक्षामा १० जना अर्थात १०.६३ प्रतिसत रहेको छ । वालविकासमा ९ जना, ११-१२ मा ७ र स्नातकमा १ जना अध्ययन गरिरहेका छन् । यस मध्ये सामुदायिक विद्यालयमा ४३ अर्थात ४५.७४ प्रतिसत र संस्थागत (निजी) मा ५१ अर्थात ५४.२६ प्रतिसत विद्यार्थीहरु अध्ययनरत छन् । यसरी हेर्दा चरम गरिवीका विचमा पनि शिक्षाको गुणस्तर खोज्दै धेरै अभिभावकहरुले संस्थागत विद्यालयमा नै आफ्ना नानीहरुलाई अध्ययनका लागि पठाईरहेका छन् ।

**तालिका नं. ५.११. विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका वालवालिकाहरुको विवरण :**

| विद्यालयको नाम | बालबिकास | १ - ८ | ९ - १० | ११ - १२ | स्नातक | जम्मा |
|---|---|---|---|---|---|---|
| सामुदायिक | १ | ३४ | २ | ५ | १ | ४३ |
| संस्थागत | ८ | ३३ | ८ | २ | ० | ५१ |
| जम्मा | ९ | ६७ | १० | ७ | १ | ९४ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.१२. विद्यालयमा भर्ना भई अध्ययन गर्दा तिर्ने  गरेको वार्षिक औषत शुल्क विवरण :

हाल यस समुदायका ९४ जना विद्यार्थीहरु मध्ये ४३ जना सामुदायिक र ५१ जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका र सो अध्ययनको क्रममा तिनिहरुले वार्षिक रुपमा औषतमा हेर्दा सामुदायिक विद्यालयमा कक्षा २ सम्म शुल्क कसैले नतिरेको पाईयो भने सवैभन्दा कम कक्षा ३ मा रु. ३००।- र बढी कक्षा १२ मा २७,५००।- तिरेको देखियो, जसमा कक्षा १० सम्म प्रवेश वापत वर्षमा एक पटक मात्र रकम लिने गरेको पाईयो । जसमध्ये दमक बहुमुखी क्याम्पसमा भन्दा अन्य सामुदायिक विद्यालयको कक्षा ११ र १२ को शुल्कदर कमी रहेको देखियो ।

त्यसै गरी संस्थागत विद्यालय तर्फ वार्षिक औषतमा सवैभन्दा कम वालकक्षामा रु. १६,८००।- तिरेको, कक्षा १ मा २०,२८०।- र सवैभन्दा बढी कक्षा १० मा ४२,०००।- तिरेको पाइयो । तथ्याङ्क संकलन गर्दै जाँदा संस्थागत विद्यालयको शुल्क दर एउटै नरहेको र लिने दरमा पनि फरक रहेको भेटियो । विद्यार्थीको आर्थिक अवस्था र शिक्षाको स्तर हेरेर केही संस्थागत विद्यालयहरुले औषत भन्दा कम र केहिले प्रवेश शुल्क मात्र लिएरपनि केही केही विद्यार्थीहरुलाई अध्यापन गराउँदै आएको समेत पाइयो । यस अवस्थालाई हेर्दा संस्थागत विद्यालयहरुले पनि यस क्षेत्रका वालवालिकाहरुको शिक्षामा ठूलो योगदान पुर्‍याउँदै आएको पाइयो ।

**तालिका नं. ५.१२. विद्यालयमा भर्ना भई अध्ययन गर्दा तिर्ने  गरेको वार्षिक औषत शुल्क विवरण :**

| कक्षाहरु | सामुदायिक | | कक्षाहरु | संस्थागत |
|---|---|---|---|---|
| वालकक्षा | ० | | वालकक्षा | १६८४० |
| १ | ० | | १ | २०२८० |
| २ | ० | | २ | २१००० |
| ३ | ६०० | | ३ | २२१०० |
| ४ | ६०० | | ४ | २४८०० |
| ५ | ५०० | | ५ | २७७०० |
| ६ | ८०० | | ६ | ३१००० |
| ७ | १२०० | | ७ | ३५४०० |
| ८ | ३००० | | ८ | ३८२०० |
| ९ | १००० | | ९ | ४१००० |
| १० | ४००० | | १० | ४२००० |
| ११ | २२७३० | | ११ | ३३००० |
| १२ | २७५०० | | १२ | ३३००० |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.१३. प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुको विवरण :

आजको २१औं शताब्दिमा समेत प्राविधिक शिक्षाको महत्व तथा आवश्यकता बुझ्न नसकिरहेको अवस्था विद्यमान रहेको छ जुन जनचेतनाको कमि र आर्थीक विपन्नतानै हो । ९४ जना वालवालिकाहरु विद्यालयमा अध्ययन गर्दै गर्दा जम्मा २ जना मात्र प्राविधिक शिक्षा ( इन्जिनियरिङ्ग) विषयमा अध्ययन गरिरहेका छन् । प्राविधिक शिक्षामा समय सापेक्ष बृद्धिका लागि विशेष कार्यक्रमहरु ल्याउन जरुरी देखिन्छ ।

**तालिका नं. ५.१३. प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुको विवरण :**

| क्र.सं. | लिङ्ग | इन्जिनियरिङ्ग विषय |
|---|---|---|
| १ | महिला | १ |
| २ | पुरुष | १ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.१४. सीप तथा तालिम लिएका व्यक्तिहरुको विवरण :

हालको अवस्थामा केही युवा/युवतीहरुमा केही नयाँ तथा प्राविधिक विषयहरुमा तालिम तथा सीप सिक्ने ईच्छा तथा चाहना हुनु स्वाभाविक हो । तथापि अवसर नपाईरहेको अवस्था छ । यसै बिचमा तालिकामा उल्लेखित विभिन्न १३ वटा विधामा १० महिला र २८ पुरुष गरि कुल ३८ जनाले सीप तथा तालिम लिइसकेका छन् । जस मध्ये सवारी चालक अनुमति र कम्प्युटर तालिम उनीहरुको पहिलो रोजाइको विषय बनेको छ । अन्य तालिम तथा सीपमा जोडिन पनि उपयुक्त वातावरण र आर्थिक सवलता नै मुख्य विषय रहेको छ ।

**तालिका नं. ५.१४. सीप तथा तालिम लिएका व्यक्तिहरुको विवरण :**

| क्र.सं. | शीप तथा तालिमका किसिमहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | विजुली मिस्त्रि | ० | २ | २ |
| २ | सवारी चालक अनुमति | ० | ९ | ९ |
| ३ | अटो मेकानिक | ० | १ | १ |
| ४ | आल्मुनियम मिस्त्री | ० | २ | २ |
| ५ | राज मिस्त्री | ० | ३ | ३ |
| ६ | डकर्मी | १ | ३ | ४ |
| ७ | सिलाइबुनाइ | २ | ० | २ |
| ८ | स्काप होल्डिङ्ग | ० | १ | १ |
| ९ | व्यवसायिक तालिम | १ | १ | २ |
| १० | कम्प्युटर तालिम | ४ | ५ | ९ |
| ११ | शिक्षण | १ | ० | १ |
| १२ | ढाका बुन्ने | १ | ० | १ |
| १३ | चस्मा बनाउने | ० | १ | १ |
| **जम्मा** | | १० | २८ | ३८ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

## ५.१५. रोजगारीको विवरण :

उक्त जनसंख्या ३६४ मध्ये विभिन्न शिर्षकमा स्वदेशमा रोजगारी गर्ने जम्मा १५१ जना अर्थात ४१.४८ प्रतिसत रहेका छन् जस मध्ये पनि महिला ९३ जना अर्थात ६१.५९ प्रतिसत र पुरुष ५८ अर्थात ३८.४१ प्रतिसत रहेका छन् । विभिन्न शिर्षकमा रोजगारी गर्नेमा सवैभन्दा बढि दैनिक मजदुरी गर्ने ३८ महिला र १७ पुरुष गरि ५५ जना अर्थात ३६.४२ प्रतिसत र निजकाम (बगान मजदुरी) गर्ने २७ महिला र ६ पुरुष गरि ३३ जना अर्थात २१.८५ प्रतिसत रहेका छन् भने सवै भन्दा कम वित्तिय संस्थामा काम गर्ने १ जनामहिला मात्र रहेकी छन् ।




**तालिका नं. ५.१५.१. स्वदेशमा रोजगारीको विवरण :**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | शिक्षण पेशा | २ | ४ | ६ |
| २ | प्राईभेट नोकरी | २ | ७ | ९ |
| ३ | दैनिक मजदुरी | ३८ | १७ | ५५ |
| ४ | सिकर्मी | ० | ३ | ३ |
| ५ | डकर्मी | ५ | १४ | १९ |
| ६ | निजकाम (चिया बगान) | २७ | ६ | ३३ |
| ७ | वित्तीय संस्था | १ | ० | १ |
| ८ | अन्य क्षेत्र | १८ | ७ | २५ |
| **जम्मा** | | ९३ | ५८ | १५१ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

त्यसै गरी विदेशमा रोजगारिका लागि जाने ४ महिला र २९ पुरुष गरी ३३ जना अर्थात २१.५८ प्रतिशत रहेका छन् । सो मध्ये पनि भारतमा १, खाडी मुलुक २८ र अन्य देश ४ जना रोजगारिमा गएका छन् ।

**तालिका नं. ५.१५.२. रोजगारीका लागि विदेश जानेको विवरण :**

| क्र.सं. | देशको नाम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | भारत | १ | ० | १ |
| २ | खाडी मुलुक | २ | २६ | २८ |
| ३ | अन्य देश | १ | ३ | ४ |
| **जम्मा** | | ४ | २९ | ३३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.१६. वेरोजगारीको विवरण :**

उक्त जनसंख्या ३६४ मध्ये ६० जना अर्थात १६.४८ प्रतिशत वेरोजगार रहेका छन् । जस मध्ये शैक्षिक वेरोजगार महिला ५ र पुरुष १ गरी ६ जना र अन्य वेरोजगार महिला २८ र पुरुष २६ गरी ५४ जना रहेका छन् ।

**तालिका नं. ५.१६. वेरोजगारीको विवरण :**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | शैक्षिक वेरोजगार | ५ | १ | ६ |
| २ | अन्य वेरोजगार | २८ | २६ | ५४ |
| **जम्मा** | | ३३ | २७ | ६० |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.१७. शौचालयको प्रयोगकर्ताको विवरण :**

कुल ८३ घर परिवार मध्ये सवै अर्थात १०० प्रतिसत घरमा निजी शौचालय रहेको पाइयो । जसमध्ये साधारण शौचालय प्रयोगकर्ता ३९ घर अर्थात ४६.९९ प्रतिशत, कच्ची शौचालय प्रयोगकर्ता ३२ घर अर्थात ३८.५५ प्रतिशत र पक्की शौचालय प्रयोगकर्ता १२ घर अर्थात १४.४६ प्रतिशत रहेका छन् ।

**तालिका नं. ५.१७.** शौचालयको प्रयोगकर्ताको विवरण :

| शौचालयको विवरण | | | | | |
|---|---|---|---|---|---|
| नीजि शौचालय | छ | साधारण | कच्ची | पक्की | जम्मा |
| | ✓ | ३९ | ३२ | १२ | ८३ |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.१८. घरमा भएका भौतिक सुविधाहरु :**

कुल ८३ घर परिवार मध्ये विजुली बत्ती सबैघर ८३ अर्थात १०० प्रतिसत घरमानै रहेको पाइयो । थप उर्जाका लागि १ घरमा सौर्यउर्जा समेत रहेको छ । त्यसै गरी मोवालय प्रयोगकर्ता घर परिवार ७८ अर्थात ९३.९८ प्रतिशत र साईकल प्रयोगकर्ता घर परिवार ७३ अर्थात ८७.९५ प्रतिशत रहेको छ । तराईमा अत्याधिक गर्मीहुने र केही राहत प्राप्तीका लागि पंखा राखिने गरिएको छ । जस अनुसार ७६ घर अर्थात ९१.५७ प्रतिशतले पंखा प्रयोग गरिरहेका छन् । सूचना तथा संचारका लागि रेडियो ६ घरमा, टेलिभिजन ५८ घरमा रहेको छ । विलासिताका बस्तुहरु फ्रिज १९ घरमा र मोटर साइकल १३ घरमा रहेका छन् ।

**तालिका नं. ५.१८. घरमा भएका भौतिक सुविधाहरु :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विजुली | ८३ | ट्याक्टर | ३ | सिचाई मटर | ७ | राईसकुकर | २४ |
| टेलिभिजन | ५८ | मोटरसाईकल | १३ | सौर्यउर्जा | १ | फ्यान | ७६ |
| कम्प्युटर | २ | साईकल | ७३ | मोवायल | ७८ | रेडियो | ६ |
| इन्भटर | ४ | फ्रिज | १९ | इ रिक्सा | १ | | |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.१९. खाना पकाउने इन्धन र स्रोतको विवरण :**

कुल घरपरिवार संख्या ८३ मध्ये खाना पकाउन दाउराको प्रयोग गर्ने ८० घरपरिवार अर्थात ९६.३८ प्रतिसत रहेको पाइयो जसमध्ये पूर्ण प्रयोग गर्ने घर परिवार २२ र आंसिक ५८ घरपरिवार रहेका छन् । सुधारिएको चुलो प्रयोग कर्ता ४५ घरपरिवार छन्भने ३५ घरपरिवार परम्परागत चुलो प्रयोग गर्ने समुदायको दाउराको मुख्य स्रोत बगान रहेको छ । यसका अलावा ३ घरले पूर्ण रुपमा र ६१ घरपरिवारले आंसिक रुपमा खाना पकाउन ग्यासको प्रयोग गर्दै आएको अध्ययनले देखाएको छ ।

**तालिका नं. ५.१९. खाना पकाउने इन्धन र स्रोतको विवरण :**

| : ग्यास | दाउराको प्रयोग | | | | चुलो | | दाउराको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | पुर्ण | आंशिक | नगर्ने | जम्मा | सुधारिएको | परम्परागत | |
| ६१ | २२ | ५८ | ३ | ८३ | ४५ | ३५ | वगान |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.२०. भू-स्वामित्व र सिचाइ विवरण :**

उक्त समुदायको परिवारको नाममा स्वामित्व रहेको जग्गा ७ परिवारको अर्थात ८.४३ प्रतिशत मात्र रहेको छ । जसमध्ये १ कट्ठा सम्म घडेरीको रुपमा रहेको जग्गा ७ जनाको र ९कट्ठा जग्गा १ जनाको स्वामित्वमा रहेको र सो जग्गामा सिंचाइको लागि मटरको समेत प्रयोग भएको पाईयो । यसरी हेर्दा अधिक अर्थात ९१.५७ प्रतिसत परिवारको नाममा जग्गाको स्वामित्व नरहेकोले निज भूमिहीन हरुलाई राज्यको तर्फबाट विशेष पहल गर्नुपर्ने देखियो ।

**तालिका नं. ५.२०. भू-स्वामित्व र सिचाइ विवरण :**

| क्र.सं. | जग्गा | हुने | नहुने | घडेरी | खेती | सिंचाइ |
|---|---|---|---|---|---|---|
| १ | परिवारको नाममा | ७ | ७६ | ७ | १ | मटर |

*स्रोत : घरधुरी तथ्याङ्क सङ्कलन, २०७९*

**५.२१. ऋण लिनेको विवरण र ऋण लिनुपर्ने कारण:**

कुल घरपरिवार संख्या ८३ लाई हेर्दा ऋण लिनेको संख्या ५८ घर अर्थात ६९.८८ प्रतिशत रहेको छ । जस मध्ये सवै भन्दा बढी ऋण लिने लघुवित्तबाट २७ जना अर्थात कुल ऋण लिने संख्याको ४६.५५ प्रतिशत रहेको र दोश्रो सहकारी संस्थाबाट १७ जना अर्थात २९.३१ प्रतिशत रहेको छभने बैंकबाट ऋण लिने खाली १ जना मात्र रहेका छन् । अझैपनि साहुमहाजन र व्यक्तिहरुबाट चर्को व्याजदरमा ऋण लिने गरेको देखिनु चेतनामा कमिका साथै अन्य ऋण लिने प्रकृया झन्झटिलो हुनु पनि हो ।

त्यस्तै ५८ घरपरिवार ले आफ्नो घरायसि गर्जो टार्ने देखि लिएर विभिन्न कामका लागि ऋण लिने गरेका छन् । जसमध्ये घर/घडेरी खरिद तथा मर्मतका लागि २७ जनाले, स्वास्थ्य उपचारका लागि १५ जना र जीविकोपार्जनमा सहयोगका लागि १० जनाले ऋण लिएका छन्भले व्यापार व्यवसायका लागि १ जनाले मात्र ऋण लिएका छन् । यस अवस्थालाई हेर्दा अनुत्पादक क्षेत्रमा ऋण लिनेको संख्या उच्च देखिएकोले यस क्षेत्रमा उद्यमशीलता संवन्धी तालिम र वित्तीय साक्षरता कक्षाहरु संचालन गर्नुपर्ने देखिएको छ ।

**तालिका नं. ५.२१. ऋण लिनेको विवरण र  ऋण लिनुपर्ने कारण :**

| क्र.सं. | वित्तिय संस्था वा अन्य | संख्या | ऋण लिएको कारण | संख्या |
|---|---|---|---|---|
| १ | बैंक | १ | दैनिक जीविकोपार्जनका लागि | १० |
| २ | सहकारी संस्थावाट | १७ | स्वास्थ्य उपचारका लागि | १५ |
| ३ | टोल विकास संस्थावाट | ४ | शिक्षा (अध्ययन) का लागि | ८ |
